नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

**तीजको शुभकामना !**

नेपाली नारीहरूको महान् पर्व हरितालिका तीज पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हिन्दु महिलाहरूले खुशी र उत्साहका साथ मनाउने हरितालिका तीजलाई महत्वपूर्ण पर्वका रुपमा मनाउने गरिएको छ । दिदीबहिनीहरु जमघट भएर मनाईने तीज र यससँगै जोडिएर मनाइने विविध साँस्कृतिक पर्वहरुले बर्षभरीका पीर, व्यथा, हाँसो, खुसी आदिलाई गीत, नृत्य र अभिनयका माध्यमबाट समाजमा पस्किदै मनोरञ्जन प्रदान गर्नुका साथै सचेतनता अभिवबृद्धि गर्ने कार्य समेत गर्ने गरेका छन् । यसका साथै यी पर्वहरुले विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्ने कुरामा सहयोग पुर्याइरहेका छन् । तर, पछिल्ला दिनमा तीज मनाउने क्रममा कतैकतै देखिने विकृती एवम् अन्धविश्वासहरुले मौलिकता भन्दापनि भड्किलोपन र देखावटी गर्ने प्रचलन बढेकोमा चिन्ता हुन थालेको छ । उक्त कुरालाई स्वीकार गर्दै पर्वभित्रका नकारात्मक पक्ष एवम् विकृतिहरुलाई हटाउन जरुरी छ ।

अन्त्यमा, हरितालिका तीज २०८१ ले समाजमा विद्यमान महिला विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र अन्याय एवम् सबै प्रकारका असमानताहरूको अन्त्य गर्दै समतामूलक र प्रगतिशील समाजको निर्माणतर्फ अग्रसर हुन सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छा सहित पुनः शुभकामना व्यक्त गर्दछु ।

माधव कुमार नेपाल
.........................
माधव कुमार नेपाल
अध्यक्ष तथा पूर्वप्रधानमन्त्री
२०८१ भाद्र २१